# परिच्छेद : एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

प्रस्तुत अनुसन्धान कार्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षामा स्नातकोत्तर उपाधि पूरा गर्न नेपाली शिक्षा ५९८ को लागि आफ्नो पहिलादेखिको चाहना अनुसार रोजिएको हो । यसै क्रममा विषय वा शीर्षक चयन गर्दा झापा जिल्लाका “कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता” को अध्ययन गर्न गुरुहरूसँग सल्लाह लिँदा उहाँहरूको सल्लाह अनुसार क्याम्पसको नेपाली भाषा विभागले पनि स्वीकृति दिएकाले यस विषय शीर्षक चयन गरी अध्ययन गर्न लागिएको हो ।

भाषा सामाजिक वस्तु हो । भाषाको प्रयोग समाजमा हुने विचार आदन प्रदानका लागि गरिन्छ । भाषालाई समाजका सदस्यहरूले प्रयोग गरुन्जेल यो जीवित हुने र प्रयोग गर्न छाडेमा यो मृत हुने भएकोले यसलाई सामाजिक वस्तु भनिएको हो । नेपालमा विभिन्न प्रकारका भाषाहरू बोलिन्छन् । नेपालको संविधानले देवनागरी लिपिमा लेखिने नेपाली भाषालाई राष्ट्रभाषा हो, नेपाली भाषा सरकारी कामकाजको भाषा हो भनी परिभाषित गरेको छ । यसरी नेपाली भाषा नेपालको राष्ट्रभाषा भएकाले प्राथमिक तहदेखि उच्च तहसम्म अनिवार्य तथा ऐच्छिक रूपमा यसको पठनपाठन हुँदै आएको पाइन्छ ।

विद्यालय स्तरमा नेपाली भाषा प्राथमिक तहदेखि उच्च तहसम्म पठनपाठन हुँदै आए तापनि अपेक्षा गरिए अनुरूप विद्यार्थीहरूमा दैनिक व्यवहारमा पढाइ तथा पठनबोध क्षमताको अभावका कारण बोध र अभिव्यक्ति क्षमतामा कठिनाइ परिरहेको देखिन्छ । त्यसैले विद्यालय स्तरमा नेपाली शिक्षण गर्दा सम्बन्धित तहको पाठ्यक्रम निर्धारण गरेर पठनबोध सम्बन्धी उद्देश्य पूरा हुनु आवश्यक देखिन्छ । भाषा शिक्षणमा भाषाका चार सिप सुनाइ, बोलाइ पढाइ र लेखाइ सिपको विकास हुनु आवश्यक पर्दछ । विद्यार्थीमा पठनबोध क्षमता सम्बन्धी कमजोरी रहेको खण्डमा उनीहरूको बुझाइ एवम् अभिव्यक्ति क्षमतामा असर पर्ने हुन्छ । विद्यार्थीहरूमा पठनबोध क्षमता सम्बन्धी तह अनुसारको विकास नभएको खण्डमा पाठयक्रमको उद्देश्य पनि पूरा हुन सक्दैन ।

तसर्थ विद्यालयमा विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्न आवश्यक देखिन्छ । यसै परिप्रेक्ष्यमा झापा जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य हो । प्रस्तुत अनुसन्धान साामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको लैङ्गिक पृष्ठभूमि र परिवेशका आधारमा गाउँतर्फ र सहरतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता साथै भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूमा केन्द्रित रहेको छ । झापा जिल्लाका दुई साामुदायिक र दुई संस्थागत विद्यालयका विद्यार्थीहरूको लैङ्गिक, भाषिक पृष्ठभूमि तथा परिवेशका आधारमा पठनबोध क्षमताको पहिचान गरी समग्र विद्यार्थीको पठनबोध क्षमताको अध्ययन गर्न खोजिएको छ ।

## समस्या कथन

पठनबोध आधारभूत भाषिक सिप भएकाले भाषा सिकाइमा यसको विशेष महत्त्व रहन्छ । नेपाली भाषा नेपालको राष्ट्रभाषा भएका कारण नेपाली भाषाको पठनबोध क्षमताले विद्यार्थीको भावी जीवनमा समेत प्रत्यक्ष प्रभाव पार्दछ । यस परिप्रेक्ष्यमा नेपालको विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषामा पठनबोध क्षमतालाई मुख्य समस्याका रूपमा लिई प्रस्तुत शोध निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क. कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमता के कस्तो रहेको छ ?

ख. भाषिक पृष्ठभूमिका आधारमा कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमता के कस्तो रहेको छ ?

ग. लैङ्गिक भिन्नताको आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ?

घ. विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति के कस्तो रहेको छ ?

## अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्नुका पछाडि निश्चित उद्देश्यहरू रहेका हुन्छन् । उद्देश्य बिना गरिएको कार्य असफल र अपूर्ण हुन जान्छ । त्यसैले प्रस्तुत अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ :

क. कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु,

ख. लैङ्गिकताका आधारमा छात्र तथा छात्राको पठनबोध क्षमताको तुलना गर्नु,

ग. भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना गर्नु,

घ. विद्यालयको प्रकृतिका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना गर्नु,

## अध्ययनको औचित्य

विभिन्न विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको विकास गर्नका लागि पठनबोध क्षमताको अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ। त्यसैले झापा जिल्लाका कक्षा ६ मा अध्ययनरत नेपाली र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी अध्ययन गरिएको छ। पठनबोध क्षमता सम्बन्धी विद्यार्थीहरूमा आवश्यक विकास के कस्तो छ ? उक्त जिल्लामा कुन कुन पक्षहरूमा के कस्ता सुधारहरू आवश्यक छन् ? पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू के कति मात्रामा पूरा भएका छन् ? उक्त क्षेत्रका कुन कुन पक्षमा के कस्ता सुधारहरू ल्याउनु पर्छ ? आदि जस्ता कुराको जानकारी प्रस्तुत अध्ययनबाट प्राप्त गर्न सकिन्छ।

यस अध्ययनबाट पाठ्यक्रमविद्हरूलाई उक्त पाठ्यक्रममा सुधार एवम् प्रभावकारी विषयवस्तु चयन गर्नमा मद्दत पुग्नेछ। त्यसै गरी यस अध्ययनले पाठ्यपुस्तक लेखनलाई उद्देश्यमूलक बनाउन, शिक्षण विधि एवम् प्रक्रियालाई समय सापेक्ष स्तरीय रूपबाट अगाडि बढाउन साथै समग्र विद्यार्थीको बोध क्षमतालाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउन सहयोग पुग्ने भएकाले यस किसिमको अध्ययन औचित्यपूर्ण मानिएको छ।

## अध्ययनको सीमा

प्रस्तुत शोधकार्यलाई निम्न सीमामा सीमाङ्कन गरी अध्ययन विश्लेषण गरिएको छ :

क. प्रस्तुत शोधकार्य झापा जिल्ला अन्तर्गत विर्तामोड नगरपालिका र अर्जुनधारा नगरपालिकामा सीमित गरिएको छ।

ख. प्रस्तुत अध्ययनमा दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूलाई मात्र लिइएको छ।

ख.  प्रत्येक विद्यालयका ३०/३० जना गरी जम्मा १२० जना विद्यार्थीमा यो अध्ययन सीमित रहेको छ ।

## अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न पाँच परिच्छेदमा विभाजन गरिएको छ :

### परिच्छेद एक : परिचय

पहिलो परिच्छेदमा पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, यसको औचित्य, अध्ययनका सीमाहरू तथा अध्ययनको सङ्गठन सम्बन्धी विषयवस्तु समेटिएको छ ।

### परिच्छेद दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

दोस्रो परिच्छेदमा सम्बद्ध विषयवस्तुमा केन्द्रित भई यसअघि भए गरेका शोध अध्ययन तथा विभिन्न आलेखहरूको समीक्षा, प्रस्तुत अध्ययनमा यसको महत्त्व तथा सैद्धान्तिक अवधारणा सम्बन्धी विषयवस्तु समेटिएको छ ।

### परिच्छेद तिन : अध्ययन विधि र प्रक्रिया

तेस्रो परिच्छेदमा अध्ययन विधि र प्रक्रिया अन्तरगत अध्ययनको ढाँचा, जनसंख्या र नमुना छनोट प्रकृया, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन प्रकृया तथा तथ्याङ्क विश्लेषण विधि सम्बन्धमा चर्चा गरिएको छ ।

### परिच्छेद चार : कक्षा छमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमता

चौथो परिच्छेदमा विभिन्न साधनहरूको उपयोग गरी सङ्कलन गरिएका तथ्याङ्कलाई उद्देश्य तथा प्रकृतिका आधारमा वर्गीकरण गरी विभिन्न उपशीर्षकहरूमा प्रस्तुती एवं विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

### परिच्छेद पाँच : सारांश, निष्कर्ष र उपयोगिता

पाचौं तथा अन्तिम परिच्छेदमा अनुसन्धानको सारांश प्रस्तुत गरिएको छ । यसका साथै अध्ययनको निष्कर्ष प्रस्तुत गरिनुका साथै सुधारका लागि आवश्यक सुझावहरू समेत प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# पूर्वकार्यको समीक्षा र पठनबोधको सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

अनुसन्धान भनेको नवीन तथ्य ज्ञान र सिद्धान्तको खोजी हो । त्यसैले आफूले छनोट गरेको क्षेत्र र समस्याको बारेमा कसैले अध्ययन गरे नगरेको निश्चय गर्न सम्बन्धित पूर्वकार्यको समीक्षा गर्न आवश्यक हुन्छ । त्यसैले हालसम्म भएका समस्या र समाधानका लागि भएका विकल्पहरूको खोजीका बारेमा यथार्थ जानकारी प्रदान गर्ने भएकाले शोधकर्त्तालाई समस्या समाधान गर्न र खोजी गर्न बाँकी रहेका विषयमा अध्ययन गर्न अवसर प्राप्त हुन्छ । पूर्वकार्यको समीक्षाबाट अनुसन्धानकर्तालाई धेरै ज्ञान हासिल गर्न सजिलो हुन्छ । पठनबोध सम्बन्धमा यसअघि भएका केही अनुसन्धानात्मक कार्यलाई निम्न अनुसार समीक्षा गरिन्छ :

घिमिरे (२०५६) द्वारा "हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यताको अध्ययन" शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनको उद्देश्य पाठ्यपुस्तकमा दिइएका पाठहरूको कठिनाइस्तर पहिल्याउने, भाषिक पृष्ठभूमि, लिङ्ग, स्तरीयता र क्षेत्रीयताका आधारमा उक्त पाठ्यपुस्तकको बोधगम्यताको स्थिति पहिल्याउने, पाठहरूको सरल र जटिलक्रम निर्धारण गर्ने र पाठमा प्रयुक्त कठिन शब्दहरूको पहिचान गर्ने रहेको पाइन्छ । उक्त अध्ययनले पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरूले विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान दिलाउन खोजिएको भए तापनि क्षेत्र र क्रम उपयुक्त नभएको, वर्ण विन्यास त्रुटि अत्याधिक भएको, बोधगम्यताको तुलना गर्दा उपत्यकाका छात्र छात्राहरूमा तात्विक भिन्नता नरहेको, तराईका छात्र र छात्राहरूमा केही भिन्नता रहेको निष्कर्ष निकालेको पाइन्छ । उक्त अध्ययनले पठनबोध सम्बन्धी प्रस्तुत अध्ययन कार्यमा सहयोग पुऱ्याउने देखिन्छ ।

गौतम (२०६०) द्वारा "कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनको मूल उद्देश्य कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, लैङ्गिक, क्षेत्रगत र स्थानीयताको आधारमा समूहगत पठनबोध क्षमताको स्थिति पहिल्याउने र समस्या समाधानका निम्ति सुझाव दिने

रहेको पाइन्छ । उक्त अध्ययन सल्यान र दाङ जिल्लाका १२ वटा सामुदायिक विद्यालयका १२० विद्यार्थीहरूमा गरिएको पाइन्छ । यो अध्ययनले विद्यार्थीको पठनबोध क्षमता निकै कमजोर रहेको, दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको, छात्राहरूको पठनबोध क्षमता कमजोर रहेको, नेपाली विमातृभाषीका तुलनामा नेपाली मातृभाषीको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष निकालेको पाइन्छ । उक्त अध्ययनले संस्थागत विद्यालयका विद्यार्थीहरूलाई समेट्न नसकेको देखिन्छ । उक्त अध्ययन पठनबोध सम्बन्धी भएकोले प्रस्तुत अध्ययन कार्यमा सहयोग मिल्ने देखिन्छ ।

पुरी (२०६०) द्वारा "हाम्रो नेपाली किताब कक्षा ६ को बोध बोधगम्यताको अध्ययन" शीर्षकको अध्ययन गरेको पाइन्छ । उक्त अध्ययनको उद्देश्य भाषिक पृष्ठभूमि, लिङ्ग र स्थानीयताका आधारमा उक्त पाठ्यपुस्तकको बोधगम्यताको स्थिति पहिल्याउने, सम्बन्धित पाठहरूको सरल र जटिलक्रम निर्धारण गर्ने, पाठ्यक्रमको कठिनाइस्तर पत्ता लगाउने रहेको पाइन्छ । मूल रूपमा क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित यस अध्ययनमा काठमाडौं र इलाम जिल्लाका ग्रामीण तथा सहरी क्षेत्रबाट गरी जम्मा १४ विद्यालयका १४० विद्यार्थीलाई नमुनाको रूपमा लिइएको पाइन्छ । यो अध्ययनले क्षेत्र, लिङ्ग र भाषामा विद्यार्थीहरूका लागि बोधगम्यताका दृष्टिले समान नभएको, दोस्रो भाषिका लागि बढी कठिन भएको, छात्रका लागि भन्दा छात्राका लागि बढी कठिन भएको, शहरी क्षेत्रका लागि भन्दा ग्रामीण क्षेत्रका लागि बढी कठिन भएको, पाठहरूको कठिनाइ स्तर सरलदेखि जटिल क्रममा नरहेको निष्कर्ष निकालेको पाइन्छ । उक्त अध्ययन बोधसँग सम्बन्धित भएकोले यहाँ उल्लेख गर्नु उचित देखिन्छ ।

खनाल (२०६२) द्वारा "काठमाडौं उपत्यकाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकमा शोधकार्य भएको पाइन्छ । प्रस्तुत अध्ययनको उद्देश्य काठमाडौं उपत्यका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, लिङ्ग, स्थानीयता र विद्यालयको प्रकृतिको आधारमा पठनबोध क्षमता पहिल्याउनु रहेको छ । उक्त अध्ययनमा क्षेत्रीय सामग्री सङ्कलन विधिको प्रयोग गरेको पाइन्छ । यस अध्ययनमा उपत्यकाभित्रका तीन जिल्लाका १२ विद्यालयबाट १२० विद्यार्थीहरू नमुनाका लागि लिइएको छ । उक्त अध्ययनले काठमाडौं उपत्यकाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीको पठनबोध

क्षमता राम्रो रहेको, लिङ्गका आधारमा बराबर प्रतिशत रहेको, नेपाली मातृभाषीको नतिजा विमातृभाषीको तुलनामा उच्च रहेको निष्कर्ष निकालेको पाइन्छ ।

खड्का (२०६४) द्वारा "माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त शोधमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको भाषिक, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमताको पहिचान गर्ने उद्देश्य राखिएको पाइन्छ । सर्वेक्षण विधिलाई आधार बनाई अगाडि बढाइएको उक्त अध्ययन काठमाडौं उपत्यकाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका १०० जना विद्यार्थीमा केन्द्रित छ । उक्त अध्ययनले विद्यार्थीहरूको समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको, प्रतिशतका आधारमा दृष्टांश पठनबोध क्षमता उच्च र अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको, त्यस्तै संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको र सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध क्षमता निराशाजनक रहेको, नेपाली विमातृभाषी भन्दा नेपाली मातृभाषीहरूको पठनबोध क्षमता अधिक रहेको निष्कर्ष निकालेको देखिन्छ । उक्त अध्ययन पठनबोध सम्बन्धी भएकाले प्रस्तुत अध्ययन कार्यसँग सम्बन्धित देखिन्छ ।

पौडेल (२०६४) द्वारा "लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकमा शोध गरेको पाइन्छ । उक्त अध्ययनमा मूलतः सर्वेक्षण विधिलाई अपनाइएको पाइन्छ । यसमा लमजुङ जिल्लाका ३ सामुदायिक र ३ संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई नमुनाको रूपमा समावेश गरिएको छ । प्रत्येक विद्यालयबाट १५-१५ जना गरी जम्मा ९० जना विद्यार्थीको छनोट गरिएको छ । उक्त अध्ययनको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीको स्थानीयता, लैङ्गिकता, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि जातीयताका आधारमा पठनबोध क्षमता पहिचान गर्नु, उक्त समूह बिच पठनबोध नमुनाको तुलनात्मक विश्लेषण गर्नु र पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु रहेको पाइन्छ । प्रस्तुत अध्ययनले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता दृष्टांशभन्दा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको, गाउँभन्दा शहरको पठनबोध क्षमता उच्च रहेको, छात्राभन्दा छात्रहरूको पठनबोध क्षमता उच्च रहेको, त्यस्तै सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष निकालेको पाइन्छ ।

अधिकारी (२०६४) द्वारा “कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन” शीर्षकमा शोधकार्य भएको छ । यसको उद्देश्य कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमताको पहिचान गर्नु रहेको छ । प्रस्तुत अध्ययनमा सर्वेक्षण विधिलाई आधार बनाइएको छ । उक्त अध्ययन काठमाडौं उपत्यकाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका १०० जना विद्यार्थीमा केन्द्रित छ । उक्त अध्ययनले विद्यार्थीहरूको समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको, प्रतिशतका आधारमा दृष्टांश पठनबोध क्षमता उच्च र अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको, नगरतर्फका विद्यार्थीहरूको भन्दा गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको, छात्रहरूको तुलनामा छात्राहरूको पठनबोध क्षमता उच्च रहेको, त्यस्तै संस्थागत विद्यालयका विद्यार्थीको पठनबोध क्षमता सामुदायिक विद्यालयका तुलनामा उच्च रहेको, नेपाली विमातृभाषी भन्दा मातृभाषीहरूको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष निकालेको देखिन्छ ।

यसरी पठनबोध क्षमता सम्बन्धी अध्ययन विभिन्न तहमा भए तापनि धेरै जसो काठमाडौं उपत्यकामा र अन्य सल्यान, दाङ, लमजुङ, इलाम जिल्लामा भएको पाइन्छ । हालसम्म झापा जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन नभएकाले यो अध्ययन महत्त्वपूर्ण ठहरिएको छ । यस अध्ययनले झापा जिल्लाका विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान गरी नेपाली र नेपाली विमातृभाषीविद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक रूपमा व्याख्या विश्लेषण गर्ने र पठनबोध क्षमताको अभिवृद्धिका लागि सुझाव प्रदान गरेकाले यो अध्ययन औचित्यपूर्ण ठहरिएको छ ।

## अनुसन्धानमा पूर्वकार्यको उपयोगिता

कुनै पनि कार्य गर्नुभन्दा पहिला त्यस सम्बन्धी के कस्ता र के कति काम भएका छन् अनि के गर्न बाँकी छ भन्ने कुरा बुझ्नु आवश्यक हुन्छ । पहिला गरेका कार्यका आधारमा अघि बढ्नका लागि बाटो स्पष्ट हुने भएकाले कुनै पनि अनुसन्धानमा पूर्वकार्यको समीक्षा आवश्यक र उपयोगी हुन्छ । पूर्वकार्यको समीक्षा अनुसन्धानको एउटा महत्त्वपूर्ण अङ्ग हो । त्यसैले पूर्वकार्यबाट अनुसन्धानको औचित्य र महत्त्वलाई स्थापित गर्नका लागि मद्धत गर्दछ ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य, परिकल्पना, अनुसन्धान पद्धतिको छनोट र पहिचानमा मद्धत पुग्ने, समस्याको वास्तविक पहिचान गर्न आफूले गरेको अनुसन्धान विषयमा गहन ज्ञान प्राप्त गर्न सकिन्छ । त्यसैले अनुसन्धानलाई मौलिक, विशिष्ट र नवीन बनाउनको लागि अनुसन्धानमा पूर्वकार्यको समीक्षाको अपरिहार्यता रहन्छ (न्यौपाने २०६७, पृ. ६८) ।

अनुसन्धानलाई अगाडि बढाउन यसभन्दा अगाडिका अनुसन्धानकर्ताहरूका अध्ययनले विद्यार्थीको स्थानीयता, लैङ्गिकता, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि, जातीयताका आधारमा पठनबोध क्षमता पहिचान गर्न सहयोग गरेका छन् । त्यसैले अनुसन्धान कार्यलाई पूर्ण रूपमा सफल बनाउन पूर्वकार्यको उपयोगिता रहन्छ ।

## सैद्धान्तिक अवधारणा

बोधको सामान्य अर्थ बुझाइ हो । कुनै पनि लिखित सामग्री पढेर, कसैले भनेको कुरा सुनेर, कुनै घटना देखेर त्यसबाट प्राप्त गरिने ज्ञानलाई बोध भनिन्छ । यस आधारमा पठनबोध, श्रुतिबोध, दृष्टिबोध र अनुभूतिबोध गरी बोधका विभिन्न प्रकारहरू हुन्छन् । पठनबोध सामान्य र प्रयोजनपरक गरी दुई प्रकारका हुन्छन्  । यसमा कुनै अनुच्छेदलाई पढी त्यसभित्र भएका सारभूत पक्षलाई ग्रहण गरिन्छ । बोधका क्रममा प्राप्त पाठभित्र प्रयोग भएका पद, पदावली, उपवाक्य र वाक्य जस्ता भाषिक एकाइहरूको खण्डगत अर्थबोध गर्दै अन्तिममा समग्रतामा अर्थबोध गरिन्छ ।

बोध विभिन्न विषयसँग सम्बन्धित सामग्रीका पाठबाट सङ्कलित गद्यांशहरू पढेर बुझ्ने प्रक्रिया हो । यस्ता कतिपय गद्यांशहरूसामान्य ज्ञानसँग सम्बन्धित हुन सक्छन् र कतिपय चाहिं विशिष्ट ज्ञानसँग सम्बन्धित अथवा प्राविधिक खालका पनि हुन सक्छन् । सामान्य बोध भनेको साामान्य भाषिक व्यवहारमा प्रयोग हुने बोध हो । यो साधारण किसिमको हुन्छ । यस्तो बोध सामान्य पाठकलाई पनि बुझ्न कुनै कठिनाइ हुँदैन । साधारण किसिमका लिखित लेखरचनाहरू यस्ता बोधका सामग्री बन्दछन् ।

ज्ञानविज्ञानका कतिपय विषयवस्तुलाई विशिष्ट किसिमले व्यक्त गरिएको हुन्छ । यस्ता सामग्री कुनै निश्चित विषयसँग सम्बन्धित रहेका हुन्छन् । भाषाको प्रयोग कला, साहित्य, विज्ञान, सञ्चार, वाणिज्य, प्रशासन, अर्थशास्त्र, कृषि, चिकित्सा, राजनीति, समाजशास्त्र आदि विविध क्षेत्रमा विशिष्ट किसिमले गरिएको हुन्छ । यस्ता लेखमा ती

विषयसँग सम्बन्धित प्राविधिक पद तथा पदावलीको प्रयोग गरिएको हुन्छ । विशिष्ट पारिभाषिक पद तथा पदावली र त्यहाँ व्यक्त भाव वा विषयलाई बुझ्नका लागि पनि विशिष्ट बोध क्षमताको आवश्यकता पर्दछ । यस्तो किसिमको बोधलाई प्रयोजनपरक बोध पनि भनिन्छ । यो बोध आलोचनात्मक, तार्किक, भावनात्मक, अनुमानात्मक र सिर्जनात्मक किसिमको हुन्छ । अनुच्छेद वा पाठको विषयवस्तु र त्यसको प्रस्तुतिअनुसार विभिन्न बोधको उपयोग गर्न सकिन्छ । पाठको बोध क्षमता र बौद्धिक स्तरका आधारमा बोधको मात्रा र स्तर फरक फरक हुन्छ । पाठकले कति कुरा बुझ्न सक्छ वा सक्यो भन्ने कुरा अनुच्छेदका अन्त्यमा सोधएका प्रश्नको उत्तरबाट मापन गर्न सकिन्छ ।

पठन एक विस्तृत प्रक्रिया हो । लिपिबद्ध गरिएका अक्षरहरूलाई पढ्नु मात्र नभई पठन भन्नाले उक्त अक्षरहरूले बोकेको अर्थ बुझ्न सक्नु भन्ने समेत बुझिन्छ । पठन लेखक र पाठक बिचको एक जटिल संवादको प्रक्रिया हो । यस प्रक्रियामा पाठकको पूर्वज्ञान वा अनुभवले संवादलाई प्रभावकारी बनाउने गर्दछ । यसको अर्थ पाठकको पूर्वज्ञान वा अनुभवमा पठन निर्भर गर्दछ । पठन प्रक्रियामा निम्न पाँच चरणहरू हुन्छन् :

### क. पूर्वपठन

पाठकमा पाठ्यसामग्री सम्बन्धी रुचि जगाउनका लागि गरिने सम्पूर्ण गतिविधिहरूलाई पूर्वपठन भनिन्छ । पूर्वपठनले पाठ्यसामग्री सम्बन्धी सामान्य समीक्षा प्रदान गर्दछ जसका कारण पठनको गति र तीव्रतामा वृद्धि हुन्छ । पाठकमा पूर्वपठन अभिवृद्धि गर्न पूर्वज्ञान सक्रिय गराउने, पठनको उद्देश्य निर्धारित गर्ने, पाठ्यसामग्रीको पूर्वावलोकन गर्ने, पाठ्यसामग्रीमा समाविष्ट विषयवस्तु बारे अनुमान गर्ने जस्ता विधिहरू उपयोग गर्न सकिन्छ ।

### ख. पठन

लिखित चिह्नहरू हेरेर तिनीहरूको अर्थ बुझ्ने प्रक्रियालाई पठन भनिन्छ । पाठकले पठनका क्रममा लिखित चिह्नहरू (अक्षर, विराम चिह्न, शब्दहरूका बिचमा दिइएका स्थान, हाउभाउ आदि) को माध्यमबाट शब्द र वाक्यका रुपमा तिनीहरूबाट अर्थ ग्रहण गर्दछ । पठनको स्तर तथा प्रकारका रुपमा आदर्श पठन, सहभागी पठन, निर्देशित पठन तथा स्वतन्त्र पठनका रुपमा वर्गीकरण गर्न सकिन्छ ।

### ग. प्रतिक्रिया

पाठकले पाठ्यसामग्रीको पठन पश्चात गर्ने अनुभव वा अभिव्यक्तिलाई प्रतिक्रिया भनिन्छ । कुनै लिखित सामग्री पढिसकेपछि पाठकमा जुन भाव वा धारणाको विकास हुन्छ त्यसलाई पठनको प्रतिक्रिया भनिन्छ । पाठ्यसामग्रीको बारेमा प्रश्न सोधेर, कुनै विवरण माग गरेर वा सो सम्बन्धमा आफ्नो ज्ञान वा अनुभव सोधेर प्रतिक्रिया लिन सकिन्छ ।

### घ. खोज

पठनको क्रममा पाठकले लिखित पाठ्यसामग्रीमा स्पष्ट उल्लेख नगरिएका विषयवस्तु वा पात्र वा घटना वा समय आदिका बारेमा थप विचार गर्न वा अनुमान लगाउन प्रयत्न गर्दछ । यस प्रक्रियालाई नै खोज भनिन्छ । खोजले पाठकमा पठित विषयवस्तुको प्रभावलाई गहन बनाउन मद्धत गर्दछ ।

### ङ. प्रयोग

प्रयोग पठनको अन्तिम चरण हो । यस चरणमा पाठकले पाठ्यसामग्री पढेर प्राप्त गरेका ज्ञान वा अनुभवलाई आफ्नो वास्तविक जीवनमा प्रयोग गर्ने प्रयत्न गर्दछ । यसलाई अनुप्रयोगको चरणका रुपमा समेत हेर्ने गरिन्छ (पाण्डेय, सन् २०१४) ।

पठन भन्नाले सामान्यतया छापामा लेखिएका विषयवस्तुलाई पढेर अर्थ बोध गर्नु हो । पठन सिपले विशेष गरी दुईवटा प्रक्रियालाई समेट्छ - विसङ्केतन र बोध । विसङ्केतन भनेको साधारण अर्थमा अक्षर फुटाउनु हो भने बोध भनेको पढेर अर्थ लगाउन सक्ने सिपलाई बुझाउँछ । यद्यपि प्रारम्भिक तहको सन्दर्भमा पढाइ सिप विकासको कुरा गर्दा यी दुई तत्त्वका अतिरिक्त ध्वनि सचेतीकरणदेखि लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्द भण्डारका साथै लेखाइको पनि उत्तिकै महत्त्व रहन्छ । अर्थपूर्ण तरिकाले उपयुक्त गतिमा पठन सिपको विकास भएको विद्यार्थीले भविष्यमा राम्रो सिकाइ उपलब्धि हासिल गर्ने हुनाले प्रारम्भिक कक्षामा पठन सिपको महत्त्व छ । यस तहमा नै पठन सिप कमजोर भएमा भविष्यमा सबै विषयहरूमा सिकाइ कमजोर हुन्छ ।

विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा उनीहरूमा पढाइ सिपको राम्रो विकास हुन्छ । त्यसैले आधारभूत तहमा पहिलो भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्नु प्रभावकारी मानिन्छ । त्यसै गरी अर्को महत्त्वपूर्ण सिद्धान्त भनेको पढाइका हरेक

तत्त्वलाई सन्तुलित रूपमा शिक्षण गर्नु हो । भाषा सिकाइको प्रारम्भमा ध्वनि सचेतीकरण, ध्वनि र सङ्केतको अन्तर्सम्बन्धलाई जोड दिनुपर्छ । प्रारम्भिक कक्षामा पढाइ सिप विकास गर्दै शिक्षण गर्ने क्रममा शुरुमा पढ्नका लागि सिकाइ र त्यसपछि सिक्नका लागि पढाइ भन्ने अवधारणा अँगाल्नु आवश्यक छ (सहनी, २०७२) ।

निष्कर्षमा पठनलाई लिखित सामग्रीको अर्थ ग्रहण गर्ने प्रक्रियाका रुपमा बुझ्न सकिन्छ ।

बोध भाषाको आदानात्मक सिप अन्तर्गत पर्दछ । बोध शब्द 'बुध्' धातुमा 'धञ' प्रत्यय लागेर बनेको छ । जसको अर्थ बुझ्नु हुन्छ । कुनै पनि लिखित वा मौखिक अभिव्यक्तिलाई सुनेर, पढेर, हेरेर मूल आशय पहिल्याउनुलाई बोध भनिन्छ । कुनै पनि कुरा व्यक्त गर्नुभन्दा पहिले सो कुरा बुझ्नु पर्ने भएकाले बोधलाई अभिव्यक्तिको पूर्वशर्तका रूपमा लिनुपर्ने हुन्छ । किनभने हरेक व्यक्तिमा अभिव्यक्ति क्षमता सुरु हुनुभन्दा पहिला बोध क्षमताको विकास हुन थालिसकेको हुन्छ । त्यसैले बोधले बुझ्ने, सोच्ने र स्मरण गर्ने अभ्यासमा जोड दिन्छ । तसर्थ बोध बिना भाषा प्रयोजनशून्य हुन्छ ।

पठनबोध अभिव्यक्ति र वाक्यको अर्थ बुझ्न मात्र सीमित रहँदैन । अर्थको निर्धारण गर्ने र उक्त अर्थलाई त्यस भाषाको ढाँचासँग सम्बद्ध गराई लेखकका मनमा भएका सम्बन्धित विचारहरूको श्रृङ्खला मिलाउने प्रकृयामा समेत पठनबोध संलग्न रहन्छ । बोधलाई निम्न लिखित परिभाषामा समेट्ने प्रयास गरिन्छ ।

– सुनेर, पढेर, हेरेर, कुनै पनि कुरा बुझ्ने काम वा क्षमता, ज्ञान, अनुभव, समझ, सोच, सम्झना, अनुभूति आदिलाई बोधका रूपमा अर्थ्याउन सकिन्छ (अधिकारी २०६१, पृ. ७३७) ।
– भाषिक सन्दर्भमा बोधको अर्थ सामान्य सुनेर र पढेर सामग्रीको अर्थ बुझाइ भए पनि व्यापक रूपमा कुनै मौखिक लिखित वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो (शर्मा र घिमिरे २०६०, पृ. १०७) ।
– बोध भन्नाले सुनेर वा पढेर बुझ्ने क्षमता वा सिप जान्ने वा बुझ्ने काम समझ, जानकारी भन्ने बुझिन्छ (भण्डारी र अन्य २०६८, पृ. १२९) ।

– सामान्यतयाः भाषा सिकाइ शिक्षणका सन्दर्भमा भाषिक अभिव्यक्तिको बुझाइलाई बोध भनिन्छ । भाषिक पूर्वानुभव र लिपिबद्धता सँगको परिचय मात्र बोधमा पर्याप्त हुँदैन । यसमा अभिव्यक्ति विचारसँग बोधमा केही न केही रूपमा आवश्यक मानिन्छ (अधिकारी २०६१, पृ. ११६) ।

माथिका परिभाषाका आधारमा बोध भन्नाले भाषा शिक्षण सिकाइका सन्दर्भमा भाषिक अभिव्यक्तिको बुझाइ हो भन्न सकिन्छ । बोध शब्दलाई बुझ्ने क्षमता, समझ, जानकारी, ज्ञान, अनुभव, सम्झना, सोच अनुभूति, समझ शक्ति, भाषिक क्षमताको विकास समेत तथा पूर्ण रूपले बुझ्ने क्षमता, दिमागी कार्य, ग्रहण शक्ति आदिका रूपमा लिइएको पाइन्छ । बोध शब्द पठनबोधसँग सम्बन्धित भएकोले निष्कर्षमा हामी के भन्न सक्छौं भने लिपिबद्ध रूपमा उतारिएको भाषिक सामग्रीलाई आँखा र दिमागले त्यसको सारतत्व ग्रहण गर्ने क्षमता नै बोध हो ।

# अध्याय : तिन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि कार्य गर्नका लागि योजना निर्माण गर्न आवश्यक छ । योजनाबद्ध कार्यले नै एउटा ठोस निष्कर्षमा पुग्नलाई सहयोग मिल्दछ । यसरी योजना निर्माण पश्चात निश्चित प्रक्रिया र विधिहरू अपनाउनु अपरिहार्य छ । अतः प्रस्तुत अनुसन्धानका लागि निम्न प्रक्रिया र विधिहरू अपनाइएका छन् :

## अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन कक्षा ६ मा अध्ययनरत नेपाली र नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यो अनुसन्धान औपचारिक र व्यवस्थित भएकाले यसमा सोही विषयसँग सम्बन्धित विधिको उपयोग गरिएको छ । यो अध्ययन विद्यार्थीसँग सम्बन्धित भएकाले मुख्य रूपमा सर्वेक्षण विधि अपनाइएको छ । अध्ययनका लागि सङ्कलन गरिएका तथ्याङ्कको प्रकृतिका आधारमा गुणात्मक र परिमाणात्मक दुवै अनुसन्धान ढाँचाहरू उपयोग गरिएकाले प्रस्तुत अनुसन्धान मिश्रित ढाँचाको रहेको छ ।

## जनसंख्या र नमुना छनोट प्रक्रिया

प्रस्तुत अध्ययनमा झापा जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूलाई अध्ययनको पूर्ण जनसङ्ख्याको रूपमा लिइएको छ । झापा जिल्लाभरिका सम्पूर्ण विद्यालयलाई अध्ययनमा समेट्न नसकिने हुँदा बिर्तामोड नगरपालिका र अर्जुनधारा नगरपालिका गरी दुई नगरपालिकाहरूलाई अध्ययन क्षेत्रको रूपमा लिई प्रत्येक नगरपालिकाबाट एक सामुदायिक तथा एक संस्थागत विद्यालयका दरले जम्मा दुई सामुदायिक र दुई संस्थागत विद्यालय छनोट गरिएको छ । छनोट गरिएका प्रत्येक विद्यालयबाट नेपाली मातृभाषी १५ र नेपाली विमातृभाषी १५ गरी जम्मा ३० जनाका दरले कुल १२० जना कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरिएका छन् । विद्यालयहरूको छनोट यादृच्छिक रूपमा गरिएको छ भने नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको छनोट उद्देश्यपूर्ण तवरले गरिएको छ ।

## तथ्याङ्कको स्रोत

तथ्याङ्क सङ्कलनका निम्ति निम्न प्रक्रिया अनुसार प्राथमिक र द्वितीयक दुवै स्रोतको उपयोग गरिएको छ :

### क. प्राथमिक स्रोत

यस अनुसन्धानको लागि प्राथमिक स्रोत अन्तर्गत अनुच्छेदसँग सम्बन्धित प्रश्न, क्लोज प्रश्न, अवलोकन, प्रयोगात्मक परीक्षण रहेका छन् ।

### ख. द्वितीयक स्रोत

द्वितीयक स्रोतका रूपमा कक्षा ६ को पाठ्यपुस्तक, शिक्षक मासिक पत्रिका, नेपाली साहित्य वाटिकाबाट प्रश्न बनाउनका लागि सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## साधन निर्माण

प्रस्तुत अध्ययनका लागि आवश्यक निम्नानुसारका साधनहरु निर्माण गरिएको छ :

### क. अनुच्छेद निर्माण

विद्यार्थीहरुको पठनबोध क्षमता परीक्षणका लागि दृष्टांशका रूपमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकबाट एउटा अनुच्छेद र अदृष्टांशका रुपमा अर्को छुट्टै अनुच्छेद तयार पारिएको छ । प्रत्येक अनुच्छेदलाई १० अङ्कभार दिई अनुच्छेदका अन्यमा ५ अङ्कभारका लागि ५ वटा वस्तुगत प्रकृतिका प्रश्नहरु र ५ अङ्कभारका लागि ५ वटा विषयगत प्रकृतिका प्रश्नहरु दिइएको छ । अनुच्छेद परिशिष्ट खण्डमा समावेश गरिएको छ ।

### ख. समय निर्धारण

प्रत्येकको १० अङ्कभार भएका २ वटा अनुच्छेदको पठनबोध क्षमता परीक्षणका लागि कुल ४० मिनेट समयको निर्धारण गरिएको छ ।

### ग. उत्तरकुञ्जिका निर्माण

विषयगत तथा वस्तुगत प्रश्नहरूको परीक्षणका लागि दुवै अनुच्छेदहरूका लागि छुट्टाछुट्टै उत्तरकुञ्जिका निर्माण गरिएको छ । उत्तरकुञ्जिका परिशिष्ट खण्डमा समावेश गरिएको छ ।

**ख. स्तर निर्धारण**

उत्तरपुस्तिका परीक्षण पश्चात विद्यार्थीहरूलाई प्राप्ताङ्कको आधारमा वर्गीकरण गरी विश्लेषण गर्नका लागि हालको राष्ट्रिय अक्षराङ्कन पद्धतिसँग मेल खाने गरी ४०% वा सोभन्दा कम अङ्क हासिल गर्ने विद्यार्थीलाई निम्न वर्गमा, ४०% देखि ८०% सम्म अङ्क हासिल गर्ने विद्यार्थीलाई मध्यम वर्गमा र ८०% वा सोभन्दा बढी अङ्क हासिल गर्ने विद्यार्थीलाई उत्कृष्ट वर्गमा वर्गीकरण गरिएको छ ।

## तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अनुसन्धान कार्य सम्पन्न गर्ने क्रममा निम्न प्रकारका अनुसन्धान सामग्रीहरू प्रयोग गरिएको छ :

**क. नमुना छनोट**

अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि झापा जिल्लाको बिर्तामोड र अर्जुनधारा नगरपालिकाका २ सामुदायिक र २ संस्थागत विद्यालयका प्रत्येक विद्यालयबाट नेपाली मातृभाषी १५ र नेपाली विमातृभाषी १५ गरी ३० जनाका दरले जम्मा १२० जना विद्यार्थीलाई छनोट गरिएको छ ।

**ख. पूर्वपरीक्षण**

शोध निर्देशकको आवश्यक सल्लाह लिई तयार पारेका प्रश्नहरूलाई नमुना छनोटमा परेका विद्यालयहरू मध्ये अर्जुनधारा माध्यमिक विद्यालयका छनोट गरिएका विद्यार्थी २० जना विद्यार्थीहरूमा परीक्षण गरिएको छ । विद्यार्थीले दिएको उत्तर परीक्षण गर्दा ९० प्रतिशतभन्दा बढी देखिएका प्रश्नपत्रलाई सुधार गरिएको छ ।

**ग. परीक्षण**

छनोट गरिएका विद्यार्थीहरूलाई उनीहरूको आफ्नै विद्यालयमा जम्मा गरी तयार पारिएको पठनबोध सम्बन्धी प्रश्न दिई उत्तर लेख्न लगाइएको छ । उत्तरपुस्तिकाहरू सङ्कलन गरी तिनीहरूको परीक्षण गरिएको छ र २० पूर्णाङ्कमा अङ्कन गरिएको छ । छनोटमा परेका ४ वटै विद्यालयहरूमा छुट्टाछुट्टै परीक्षण गरिएको छ ।

## तथ्याङ्क विश्लेषण विधि

प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषणका लागि उत्तरपुस्तिका परीक्षणबाट दृष्टांश र अदृष्टांशसँग सम्बन्धित प्रश्नको उत्तरबाट प्राप्त अङ्क जम्मा गरी विद्यार्थीका सम्पूर्ण प्राप्ताङ्कलाई भाषिक पृष्ठभूमि, लिङ्ग, विद्यालयको प्रकृतिका आधारमा वर्गीकरण गरी तालिकाको माध्यमबाट छुट्टा छुट्टै रूपमा वर्गीकरण गरिएको छ । तथ्याङ्कको विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीको प्राप्ताङ्क प्रतिशत निकाली तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# व्याख्या विश्लेषण

# कक्षा छमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमता

## परिचय

झापा जिल्लाका कक्षा छमा अध्ययन गर्ने विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्ने मूल उद्देश्यसाथ गरिएको यस शोध अध्ययनमा विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचानका लागि तयार पारिएको प्रश्नावलीको उपयोगबाट परीक्षण गरी निष्कर्ष प्राप्त गर्ने प्रयास गरिएको छ। नमुना छनोटमा परेका विद्यालयहरूबाट सामुदायिक विद्यालयका र संस्थागत विद्यालयका, छात्रा र छात्रा तथा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको समान संख्या पर्ने गरी छनोट गरिएका विद्यार्थीहरूलाई छुट्टाछुट्टै समूहीकृत गरी तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ।

## समग्र विद्यार्थीको पठनबोध क्षमता

नमुना छनोटमा परेका विद्यार्थीहरूको पठनबोध क्षमता परीक्षणबाट प्राप्त नतिजालाई निम्न अनुसार तालिकीकरण गरी विश्लेषण गरिएको छ :

तालिका : १

समग्र विद्यार्थीहरूको पठनबोध क्षमता


| प्राप्ताङ्क | विद्यार्थी संख्या | विद्यार्थी प्रतिशत | कैफियत |
|---|---|---|---|
| ४-६ | १५ | १२.५ | निम्न |
| ६-८ | १५ | १२.५ | |
| ८-१० | १८ | १५.० | मध्यम |
| १०-१२ | २८ | २३.३३ | |
| १२-१४ | २५ | २०.८३ | |
| १४-१६ | ११ | ९.१७ | |
| १६-१८ | ८ | ६.६७ | उत्कृष्ट |
| जम्मा | १२० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

समग्रमा विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई माथिको तालिका मार्फत प्रस्तुत गरिएको छ । तालिका अनुसार जम्मा १२० जना विद्यार्थीहरू मध्ये १५ जना (१२.५%) ले ४ देखि ६ अङ्क, १५ जना (१२.५%) ले ६ देखि ८ अङ्क, १८ जना (१५%) ले ८ देखि १० अङ्क, २८ जना (२३.३३%) ले १० देखि १२ अङ्क, २५ जना (२०.८३%) ले १२ देखि १४ अङ्क, ११ जना (९.१७%) ले १४ देखि १६ अङ्क र ८ जना (६.६७%) ले १६ देखि १८ अङ्क प्राप्त गरेको देखिन्छ । प्राप्त नतिजा अनुसार कुल विद्यार्थी मध्ये ३० जना (२५%) कमजोर वर्गमा देखिएका छन् भने ८ जना (६.६७%) विद्यार्थीहरू उत्कृष्ट वर्गमा देखिन्छन् । बहुसंख्यक विद्यार्थीहरू (६८.३३%) मध्यम स्तरका रहेको तथ्याङ्कले देखाएको छ । माथिको तथ्याङ्कलाई वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

चित्र : १

समग्र विद्यार्थीहरूको पठनबोध क्षमता




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको वृत्तचित्र अनुसार जम्मा १२० जना विद्यार्थीहरू मध्ये १२.५% ले ४ देखि ६ अङ्क, १२.५% ले ६ देखि ८ अङ्क, १५% ले ८ देखि १० अङ्क, २३.३३% ले १० देखि १२ अङ्क, २०.८३% ले १२ देखि १४ अङ्क, ९.१७% ले १४ देखि १६ अङ्क र ६.६७% ले १६ देखि १८ अङ्क प्राप्त गरेको देखिन्छ ।

## तुलनात्मक अध्ययन

विद्यार्थीहरूलाई विभिन्न समूहमा वर्गीकरण गरी पठनबोध क्षमताको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । यस अन्तरगत नेपाली मातृभाषी र विमातृभाषी, छात्र र छात्रा तथा सामुदायिक विद्यालयका र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता छुट्टाछुट्टै प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

### नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलना

नमुना छनोटमा परेका नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका : २

नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना

| प्राप्ताङ्क | नेपाली मातृभाषी | | नेपाली विमातृभाषी | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४-६ | २ | ३.३३ | १३ | २१.६७ | निम्न |
| ६-८ | ४ | ६.६७ | ११ | १८.३३ | |
| ८-१० | ६ | १०.०० | १२ | २०.०० | मध्यम |
| १०-१२ | १७ | २८.३३ | ११ | १८.३३ | |
| १२-१४ | १५ | २५.०० | १० | १६.६७ | |
| १४-१६ | ९ | १५.०० | २ | ३.३३ | |
| १६-१८ | ७ | ११.६७ | १ | १.६७ | उत्कृष्ट |
| जम्मा | ६० | १००.०० | ६० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४


माथिको तालिकालाई अध्ययन गर्दा कमजोर वर्गमा नेपाली विमातृभाषी समूहका विद्यार्थी अधिक परेको पाइन्छ भने उत्कृष्ट समूहमा नेपाली मातृभाषी समूहका विद्यार्थी अधिक परेको पाइन्छ । कुल ६० जना नेपाली विमातृभाषी विद्यार्थीहरू मध्ये २४ जना अर्थात ४०% विद्यार्थीहरू कमजोर समूहमा परेका छन् भने कुल ६० जना मध्ये ६ जना

अर्थात १०% मात्र नेपाली मातृभाषी विद्यार्थीहरू कमजोर समूहमा परेका छन् । त्यसरी नै उत्कृष्ट समूहमा नेपाली मातृभाषी विद्यार्थीहरू ७ जना अर्थात ११.६७% परेका छन् भने नेपाली विमातृभाषी विद्यार्थीहरू १ जना अर्थात १.६७% मात्र परेका छन् । मध्यम वर्गमा नेपाली मातृभाषी विद्यार्थीहरू ४७ जना अर्थात ६८.३३% परेका छन् भने यस वर्गमा नेपाली विमातृभाषीविद्यार्थीहरू ३५ जना अर्थात ५८.३३% परेका छन् ।

यसरी विश्लेषण गर्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको संख्या नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा कमजोर वर्गमा बढी र उत्कृष्ट वर्गमा कम देखिनुले तुलनात्मक रुपमा नेपाली विमातृभाषी विद्यार्थीको भन्दा नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो भएको देखिन्छ । उपर्युक्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : २

नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार १० भन्दा कम अङ्क हासिल गर्ने समूहहरूमा नेपाली मातृभाषीको तुलनामा नेपाली विमातृभाषी विद्यार्थीहरू बढी परेको पाइन्छ भने १० भन्दा बढी अङ्क हासिल गर्ने समूहहरूमा नेपाली विमातृभाषीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरू बढी परेको देखिन्छ ।

**छात्र र छात्राको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका विद्यालयहरूमा कक्षा छमा अध्ययन गर्ने छनोट गरिएका छात्र र छात्राहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई निम्नानुसार तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ :

तालिका : ३

छात्र र छात्राको पठनबोध क्षमताको तुलना

| प्राप्ताङ्क | छात्रा | | छात्र | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | ६ | १०.०० | ९ | १५.०० | निम्न |
| ६–८ | ७ | ११.६७ | ८ | १३.३३ | |
| ८–१० | १० | १६.६७ | ८ | १३.३३ | मध्यम |
| १०–१२ | १४ | २३.३३ | १४ | २३.३३ | |
| १२–१४ | १३ | २१.६६ | १२ | २०.०० | |
| १४–१६ | ७ | ११.६७ | ४ | ६.६७ | |
| १६–१८ | ३ | ५.०० | ५ | ८.३४ | उत्कृष्ट |
| जम्मा | ६० | १००.०० | ६० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४


तालिका ३ मा छात्र र छात्राहरूको पठनबोध क्षमता तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ । तालिका अनुसार कमजोर वर्गमा छात्राको तुलनामा छात्र बढी पाइएको छ । कमजोर वर्गमा २८.३३% छात्र पाइएका छन् भने उक्त वर्गमा छात्राहरूको २१.६७% मात्र परेका छन् । त्यसरी नै उत्कृष्ट वर्गमा समेत छात्रको तुलनामा छात्राहरू नै बढी परेका छन् । उत्कृष्ट वर्गमा ८.३४% छात्रहरू परेको देखिएको छ भने छात्राहरूको ५% उक्त वर्गमा

परेका छन् । मध्यम वर्गमा छात्राहरूको ७३.३३% परेको पाइन्छ भने छात्रहरूको ६३.३३% यस वर्गमा परेको पाइन्छ ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा कमजोर वर्गमा छात्राको तुलनामा छात्रको संख्या बढी देखिनु तथा उत्कृष्ट वर्गमा छात्राको भन्दा छात्रको संख्या बढी देखिन्छ । मध्यम वर्गमा छात्रभन्दा छात्रा बढी देखिएकाले तुलनात्मक रुपमा पठनबोध क्षमतामा छात्रको तुलनामा छात्राको अवस्था राम्रो देखिएको छ । उपयुक्त तथ्याङ्कलाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र : ३

छात्र र छात्राको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार ८ भन्दा कम अङ्क हासिल गर्ने छात्राभन्दा छात्र बढी देखिन्छ भने त्यसभन्दा बढी अङ्क हासिल गर्ने छात्रभन्दा छात्रा बढी देखिन्छन् । यसरी गुणस्तरका दृष्टिले छात्रभन्दा छात्राको पठनबोध क्षमता राम्रो भएको चित्रले देखाएको छ ।

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : ४

सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीको पठनबोध क्षमताको तुलना

| प्राप्ताङ्क | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | ६ | १०.०० | ९ | १५.०० | निम्न |
| ६–८ | ५ | ८.३३ | १० | १६.६७ | |
| ८–१० | ६ | १०.०० | १२ | २०.०० | मध्यम |
| १०–१२ | १६ | २६.६७ | १२ | २०.०० | |
| १२–१४ | १४ | २३.३३ | ११ | १८.३३ | |
| १४–१६ | ७ | ११.६७ | ४ | ६.६७ | |
| १६–१८ | ६ | १०.०० | २ | ३.३३ | उत्कृष्ट |
| जम्मा | ६० | १००.०० | ६० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४


माथिको तालिकालाई अध्ययन गर्दा कमजोर वर्गमा सामुदायिक विद्यालयका विद्यार्थीहरू ११ जना अर्थात १८.३३% परेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरू १९ जना अर्थात ३१.६७% परेका छन् । त्यसरी नै उत्कृष्ट वर्गमा सामुदायिक विद्यालयका विद्यार्थीहरू ६ जना अर्थात १०% परेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरू २ जना अर्थात ३.३३% मात्र परेका छन् । मध्यम वर्गमा साामुदायिक विद्यालयका विद्यार्थीहरू ४३ जना अर्थात ७१.६७% परेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरू ३९ जना अर्थात ६५% मात्र परेका छन् ।

उपर्युक्त तथ्याङ्कलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू कमजोर वर्गमा बढी देखिनु र उत्कृष्ट वर्गमा बढी देखिनुले तुलनात्मक रुपमा संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा सामुदायिक

विद्यालयका विद्यार्थीको पठनबोध क्षमता राम्रो देखिन्छ । माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र : ४

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार १० भन्दा कम अङ्क हासिल गर्ने संस्थागत विद्यालयका विद्यार्थी बढी देखिन्छ भने उत्कृष्ट वर्गको अङ्क हासिल गर्ने सामुदायिक विद्यालयका विद्यार्थी बढी देखिन्छन् । यसरी संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध क्षमता राम्रो भएको चित्रले देखाएको छ ।

**नेपाली मातृभाषी छात्र र छात्राको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजा अनुसार छात्र र छात्राको प्राप्ताङ्कलाई निम्नानुसार तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ :

तालिका : ५

नेपाली मातृभाषी छात्र र छात्राको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | छात्रा | | छात्र | | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कैफियत |
| ४-६ | - | - | २ | ६.६७ | निम्न |
| ६-८ | ३ | १०.०० | १ | ३.३३ | |
| ८-१० | २ | ६.६७ | ४ | १३.३३ | मध्यम |
| १०-१२ | १० | ३३.३३ | ७ | २३.३३ | |
| १२-१४ | ५ | १६.६७ | १० | ३३.३४ | |
| १४-१६ | ६ | २०.०० | ३ | १०.०० | |
| १६-१८ | ४ | १३.३३ | ३ | १०.०० | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका ५ मा देखाइए अनुसार मध्यम र उत्कृष्ट वर्गमा परेका छात्राको संख्या छात्रको तुलनामा बढी देखिएको छ । निम्न वर्गमा परेका छात्र र छात्रा बराबर देखिए तापनि उत्कृष्ट वर्गमा छात्रको तुलनामा बढी छात्रा देखिनुले नेपाली मातृभाषी विद्यार्थीहरूमा छात्रको तुलनामा छात्राको अवस्था राम्रो देखिएको छ । उपर्युक्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : ५

नेपाली मातृभाषी छात्र र छात्राको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार ८ भन्दा कम अङ्क हासिल गर्ने छात्राभन्दा छात्र बढी देखिन्छ भने १६ भन्दा बढी अङ्क हासिल गर्ने छात्रभन्दा छात्रा बढी देखिन्छन् । यसरी गुणस्तरका दृष्टिले नेपाली मातृभाषी विद्यार्थीहरूमा छात्रभन्दा छात्राको पठनबोध क्षमता राम्रो भएको चित्रले देखाएको छ ।

**नेपाली विमातृभाषी छात्र र छात्राको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई निम्नानुसार छात्र र छात्राको प्राप्ताङ्कलाई तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ :

तालिका : ६

नेपाली विमातृभाषी छात्र र छात्राको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | छात्रा | | छात्र | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | ८ | २६.६७ | ५ | १६.६७ | |
| ६–८ | ६ | २०.०० | ५ | १६.६७ | निम्न |
| ८–१० | ४ | १३.३३ | ८ | २६.६७ | मध्यम |
| १०–१२ | ७ | २३.३४ | ४ | १३.३३ | |
| १२–१४ | ४ | १३.३३ | ६ | २०.०० | |
| १४–१६ | १ | ३.३३ | १ | ३.३३ | |
| १६–१८ | – | – | १ | ३.३३ | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका ६ मा देखाइए अनुसार निम्न वर्गमा छात्रको तुलनामा छात्राको संख्या अधिक परेको देखिन्छ। निम्न वर्गमा परेका २६.६७% छात्राले ४ देखि ६ अङ्क र २०% ले ६ देखि ८ अङ्क प्राप्त गरेको देखिन्छ भने सोही वर्गमा १६.६७% छात्रले ४ देखि ६ अङ्क र १६.६७% ले नै ६ देखि ८ अङ्क प्राप्त गरेको देखिन्छ। त्यसरी नै उत्कृष्ट वर्गमा छात्रा परेकै छैनन् भने छात्र १ जना परेको देखिन्छ। यसबाट नेपाली विमातृभाषी छात्राको तुलनामा छात्रको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ। उपर्युक्त तथ्याङ्कलाई निम्न स्तम्भचित्रद्वारा अझ प्रष्ट पार्न सकिन्छ :

चित्र : ६

नेपाली विमातृभाषी छात्र र छात्राको पठनबोध क्षमता




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार ८ भन्दा कम अङ्क हासिल गर्ने छात्रभन्दा छात्रा बढी देखिन्छ भने उत्कृष्ट वर्गको अङ्क हासिल गर्ने छात्राभन्दा छात्र बढी देखिन्छन् । यसरी गुणस्तरका दृष्टिले नेपाली विमातृभाषी छात्राभन्दा छात्रको पठनबोध क्षमता राम्रो भएको चित्रले देखाएको छ ।

**नेपाली मातृभाषी र नेपाली विमातृभाषी छात्रको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका नेपाली मातृभाषी र नेपाली विमातृभाषी छात्रहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : ७

नेपाली मातृभाषी र नेपाली विमातृभाषी छात्रको पठनबोध क्षमताको तुलना

| प्राप्ताङ्क | नेपाली मातृभाषी | | नेपाली विमातृभाषी | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४-६ | २ | ६.६७ | ५ | १६.६७ | |
| ६-८ | १ | ३.३३ | ५ | १६.६७ | निम्न |
| ८-१० | ४ | १३.३३ | ८ | २६.६७ | मध्यम |
| १०-१२ | ७ | २३.३३ | ४ | १३.३३ | |
| १२-१४ | १० | ३३.३४ | ६ | २०.०० | |
| १४-१६ | ३ | १०.०० | १ | ३.३३ | |
| १६-१८ | ३ | १०.०० | १ | ३.३३ | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |


स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा निम्न वर्गमा नेपाली मातृभाषीको तुलनामा नेपाली विमातृभाषी छात्रहरू बढी परेका देखिएका छन् । २ जना नेपाली मातृभाषी छात्रले ४ देखि ६ र १ जनाले ६ देखि ८ अङ्क प्राप्त गरेका छन् भने गैर नेपाली मातृभाषीछात्रहरू मध्ये ४ देखि ६ अङ्क प्राप्त गर्ने ५ जना र ६ देखि ८ अङ्क प्राप्त गर्ने पनि ५ जना नै रहेका छन् । त्यसरी नै उत्कृष्ट वर्गमा ३ जना नेपाली मातृभाषी छात्रले १६ देखि १८ अङ्क प्राप्त गरेका छन् भने १ जना नेपाली विमातृभाषी छात्रले १६ देखि १८ अङ्क प्राप्त गरेका छन् । यसरी गैर नेपाली मातृभाषीको तुलनामा उत्कृष्ट वर्गमा बढी विद्यार्थी परेको तथा निम्न वर्गमा गैर नेपाली मातृभाषीको तुलनामा कम विद्यार्थी परेको देखिएकाले नेपाली विमातृभाषीको तुलनामा नेपाली मातृभाषी छात्रको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

माथिको तथ्याङ्कलाई अझ प्रष्ट रुपमा निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : ७

नेपाली मातृभाषी र नेपाली विमातृभाषी छात्रको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार ८ भन्दा कम अङ्क हासिल गर्ने नेपाली विमातृभाषी छात्रहरू बढी परेका देखिएका छन् भने १० वा सोभन्दा बढी अङ्क हासिल गर्ने नेपाली मातृभाषी छात्रहरू बढी देखिएका छन् । यसबाट नेपाली विमातृभाषीको तुलनामा नेपाली मातृभाषी छात्रको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**नेपाली मातृभाषी र नेपाली विमातृभाषी छात्राको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका नेपाली मातृभाषी र नेपाली विमातृभाषी छात्राहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : ८

नेपाली मातृभाषी र नेपाली विमातृभाषी छात्राको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | नेपाली मातृभाषी | | नेपाली विमातृभाषी | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४-६ | - | - | ८ | २६.६७ | |
| ६-८ | ३ | १०.०० | ६ | २०.०० | निम्न |
| ८-१० | २ | ६.६७ | ४ | १३.३३ | मध्यम |
| १०-१२ | १० | ३३.३३ | ७ | २३.३४ | |
| १२-१४ | ५ | १६.६७ | ४ | १३.३३ | |
| १४-१६ | ६ | २०.०० | १ | ३.३३ | |
| १६-१८ | ४ | १३.३३ | - | - | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा नेपाली मातृभाषी छात्राको तुलनामा नेपाली विमातृभाषी छात्राको संख्या निम्न वर्गमा बढी परेको पाइन्छ । ३० जना नेपाली विमातृभाषी छात्राहरू मध्ये १४ जना निम्न वर्गमा परेको पइयो भने त्यतिकै संख्यामा रहेका नेपाली मातृभाषी छात्राहरू मध्ये ३ जना मात्र निम्न वर्गमा परेको पाइयो । त्यसरी ४ जना नेपाली मातृभाषी छात्राहरू उत्कृष्ट वर्गमा परेको पाइयो भने नेपाली विमातृभाषी छात्राहरू उत्कृष्ट वर्गमा परेको पाइएन । यसरी तुलनात्मक रुपमा नेपाली विमातृभाषी छात्राको तुलनामा नेपाली मातृभाषी छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको पाइयो । माथिको तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : ८

नेपाली मातृभाषी र नेपाली विमातृभाषी छात्राको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार १० भन्दा कम अङ्क हासिल गर्ने नेपाली विमातृभाषी छात्राहरू बढी परेका देखिएका छन् भने १० वा सोभन्दा बढी अङ्क हासिल गर्ने नेपाली मातृभाषी छात्राहरू बढी देखिएका छन् । यसबाट नेपाली विमातृभाषीको तुलनामा नेपाली मातृभाषी छात्राको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**सामुदायिक विद्यालयका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका सामुदायिक विद्यालयका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : ९

सामुदायिक विद्यालयका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | नेपाली मातृभाषी | | नेपाली विमातृभाषी | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | – | – | ६ | २० | निम्न |
| ६–८ | २ | ६.६७ | ३ | १० | |
| ८–१० | ३ | १०.०० | ३ | १० | मध्यम |
| १०–१२ | ८ | २६.६६ | ८ | २६.६७ | |
| १२–१४ | ७ | २३.३३ | ७ | २३.३३ | |
| १४–१६ | ५ | १६.६७ | २ | ६.६७ | |
| १६–१८ | ५ | १६.६७ | १ | ३.३३ | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा निम्न वर्गमा नेपाली मातृभाषी विद्यार्थी २ जना परेको पाइन्छ भने नेपाली विमातृभाषी विद्यार्थी ९ जना परेको पाइन्छ। त्यसरी नै उत्कृष्ट वर्गमा नेपाली विमातृभाषी विद्यार्थी १ जना परेको देखिन्छ भने नेपाली मातृभाषी विद्यार्थी ५ जना को परेको देखिन्छ। यसरी तुलनात्मक रुपमा सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ। माथिको तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : ९

सामुदायिक विद्यालयका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार ८ भन्दा कम अङ्क हासिल गर्ने सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरू बढी परेका देखिएका छन् भने १६ वा सोभन्दा बढी अङ्क हासिल गर्ने नेपाली मातृभाषी बढी देखिएका छन् । यसबाट सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषीको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**सामुदायिक विद्यालयका छात्र र छात्राको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका सामुदायिक विद्यालयका छात्र र छात्राको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : १०

सामुदायिक विद्यालयका छात्र र छात्राको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | छात्रा | | छात्र | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | ३ | १०.०० | ३ | १०.०० | |
| ६–८ | २ | ६.६७ | ३ | १०.०० | निम्न |
| ८–१० | ३ | १०.०० | ३ | १०.०० | मध्यम |
| १०–१२ | ७ | २३.३३ | ९ | ३०.०० | |
| १२–१४ | ८ | २६.६७ | ६ | २०.०० | |
| १४–१६ | ३ | १०.०० | ४ | १३.३३ | |
| १६–१८ | ४ | १३.३३ | २ | ६.६७ | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा सामुदायिक विद्यालयका छात्रहरूको २०% निम्न वर्गमा परेको देखिन्छ भने छात्राहरूको १६.६७% मात्र यस वर्गमा परेको पाइन्छ । त्यसरी नै उत्कृष्ट वर्गमा ६.६७% छात्र परेका छन् भने छात्राको १३.३३% परेका छन् । तुलनात्मक रुपमा हेर्दा निम्न वर्गमा छात्रको संख्या बढी परेको तथा उत्कृष्ट वर्गमा छात्राको संख्या बढी देखिएकोले सामुदायिक विद्यालयका छात्रको तुलनामा छात्राको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ । माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र : १०

सामुदायिक विद्यालयका छात्र र छात्राको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्रमा सामुदायिक विद्यालयका छात्र र छात्राको पठनबोध क्षमता तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ । कमजोर वर्गमा छात्र बढी र उत्कृष्ट वर्गमा छात्रा बढी देखिएकाले सामुदायिक विद्यालयका छात्रको तुलनामा छात्राको पठनबोध क्षमता राम्रो रहेको स्तम्भचित्रबाट बुझ्न सकिन्छ ।

**संस्थागत विद्यालयका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका संस्थागत विद्यालयका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : ११

संस्थागत विद्यालयका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | नेपाली मातृभाषी | | नेपाली विमातृभाषी | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | २ | ६.६७ | ७ | २३.३३ | निम्न |
| ६–८ | २ | ६.६७ | ८ | २६.६७ | |
| ८–१० | ३ | १०.०० | ९ | ३०.०० | मध्यम |
| १०–१२ | ९ | ३०.०० | ३ | १०.०० | |
| १२–१४ | ८ | २६.६६ | ३ | १०.०० | |
| १४–१६ | ४ | १३.३३ | – | – | |
| १६–१८ | २ | ६.६७ | – | – | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा निम्न वर्गमा नेपाली विमातृभाषी ५०% परेका छन् भने नेपाली मातृभाषी १३.३४% मात्र परेका छन् । त्यस्तै उत्कृष्ट वर्गमा नेपाली विमातृभाषी विद्यार्थी परेका छैनन् भने नेपाली मातृभाषी ६.६७% परेका छन् । यसरी तुलनात्मक रुपमा निम्न वर्गमा नेपाली विमातृभाषी बढी परेका तथा उत्कृष्ट वर्गमा नेपाली विमातृभाषी विद्यार्थी नै नपरेका कारण संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो भएको देखिन्छ । उपर्युक्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : ११

संस्थागत विद्यालयका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरू मध्ये १० भन्दा कम अङ्क हासिल गर्ने नेपाली विमातृभाषी विद्यार्थीहरू बढी परेका देखिएका छन् भने १० वा सोभन्दा बढी अङ्क हासिल गर्ने नेपाली मातृभाषी बढी देखिएका छन् । यसबाट संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषीको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**संस्थागत विद्यालयका छात्र र छात्राको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका संस्थागत विद्यालयका छात्र र छात्राको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : १२

संस्थागत विद्यालयका छात्र र छात्राको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | छात्रा | | छात्र | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | ४ | १३.३३ | ५ | १६.६७ | निम्न |
| ६–८ | ५ | १६.६७ | ५ | १६.६७ | |
| ८–१० | ५ | १६.६७ | ७ | २३.३३ | मध्यम |
| १०–१२ | ७ | २३.३३ | ५ | १६.६७ | |
| १२–१४ | ४ | १३.३३ | ७ | २३.३३ | |
| १४–१६ | ३ | १०.०० | १ | ३.३३ | |
| १६–१८ | २ | ६.६७ | – | – | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा संस्थागत विद्यालयका छात्रको तुलनामा उत्कृष्ट वर्गमा छात्रा बढी परेको पाइन्छ । त्यसरी नै निम्न वर्गमा छात्राको तुलनामा छात्र बढी परेको देखिन्छ । यसरी उत्कृष्ट वर्गमा छात्रा बढी र निम्न वर्गमा छात्र बढी परेको पाइएकोले संस्थागत विद्यालयका छात्रको तुलनामा छात्राको पठनबोध क्षमता राम्रो भएको निष्कर्ष निकाल्न सकिन्छ । उपर्युक्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : १२

संस्थागत विद्यालयका छात्र र छात्राको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्रमा संस्थागत विद्यालयका छात्र र छात्राको पठनबोध क्षमता देखाइएको छ । चित्र अनुसार १० वा सोभन्दा कम अङ्क हासिल गर्नेमा छात्राभन्दा छात्र बढी देखिन्छ भने १० देखि १२ अङ्क हासिल गर्ने छात्रा बढी देखिन्छ । त्यस्तै १२ देखि १४ अङ्क हासिल गर्ने छात्रको संख्या बढी देखिन्छ भने १६ भन्दा बढी अङ्क हासिल गर्ने छात्रा मात्र देखिन्छन् । उच्च अङ्क हासिल गर्ने छात्रा बढी भएकोले संस्थागत विद्यालयका छात्रभन्दा छात्राको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना

नमुना छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : १३

सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | – | – | २ | ६.६७ | निम्न |
| ६–८ | २ | ६.६७ | २ | ६.६७ | |
| ८–१० | ३ | १०.०० | ३ | १०.०० | मध्यम |
| १०–१२ | ८ | २६.६६ | ९ | ३०.०० | |
| १२–१४ | ७ | २३.३३ | ८ | २६.६७ | |
| १४–१६ | ५ | १६.६७ | ४ | १३.३३ | |
| १६–१८ | ५ | १६.६७ | २ | ६.६७ | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा निम्न वर्गमा सामुदायिक विद्यालयका नेपाली भाषी विद्यार्थीहरू २ जना (६.६७%) र संस्थागत विद्यालयका विद्यार्थीहरू ४ जना (१३.३४%) परेको पाइयो । त्यसरी नै उत्कृष्ट वर्गमा सामुदायिक विद्यालयका नेपाली भाषी ५ जना (१६.६७%) र संस्थागत विद्यालयका २ जना (६.६७%) परेको पाइन्छ । तुलनात्मक रुपमा निम्न वर्गमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थी बढी परेको तथा उत्कृष्ट वर्गमा संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थी बढी परेको देखिएकोले संस्थागत विद्यालयका नेपाली भाषी विद्यार्थी भन्दा सामुदायिक विद्यालयका नेपाली भाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो भएको निष्कर्ष निकाल्न सकिन्छ । उपर्युक्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : १३

सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्रमा सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता देखाइएको छ। चित्र अनुसार १६ भन्दा कम अङ्क हासिल गर्नेमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थी बढी देखिन्छ भने १६ वा सोभन्दा बढी अङ्क हासिल गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरु बढी भएको देखिन्छ। यसबाट संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीभन्दा सामुदायिक विद्यालयका नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ।

**सामुदायिक र संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना**

नमुना छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी प्रयोगात्मक परीक्षणबाट प्राप्त नतिजालाई तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका : १४

सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना


| प्राप्ताङ्क | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४–६ | ६ | २०.०० | ७ | २३.३३ | निम्न |
| ६–८ | ३ | १०.०० | ८ | २६.६७ | |
| ८–१० | ३ | १०.०० | ९ | ३०.०० | मध्यम |
| १०–१२ | ८ | २६.६७ | ३ | १०.०० | |
| १२–१४ | ७ | २३.३३ | ३ | १०.०० | |
| १४–१६ | २ | ६.६७ | – | – | |
| १६–१८ | १ | ३.३३ | – | – | उत्कृष्ट |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा निम्न वर्गमा सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरू ९ जना (३०%) र संस्थागत विद्यालयका विद्यार्थीहरू १५ जना (५०%) परेको पाइयो । त्यसरी नै उत्कृष्ट वर्गमा सामुदायिक विद्यालयका नेपाली विमातृभाषी १ जना (३.३३%) परेको पाइयो भने संस्थागत विद्यालयका विद्यार्थी यस वर्गमा परेको पाइएन । तुलनात्मक रुपमा संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीभन्दा सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो भएको निष्कर्ष निकाल्न सकिन्छ । उपर्युक्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र : १४

सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको तुलना




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको स्तम्भचित्र अनुसार १० वा सोभन्दा कम अङ्क हासिल गर्नेमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थी बढी देखिन्छ भने १० भन्दा बढी अङ्क हासिल गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरु बढी भएको देखिन्छ। यसबाट संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीभन्दा सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ।

# परिच्छेद : पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## सारांश

कक्षा छमा अध्ययनरत नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउने मूल ध्येयसाथ सम्पन्न गरिएको प्रस्तुत अनुसन्धानलाई पाँचवटा परिच्छेदमा सम्पन्न गरिएको छ । पहिलो परिच्छेदमा अनुसन्धानका परिचयात्मक पक्षहरू समेटिएका छन् भने दोस्रो परिच्छेदमा अनुसन्धानसँग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन गरिएको छ । तेस्रो परिच्छेदमा अनुसन्धानको विधि र प्रक्रिया उल्लेख गरिएको छ । चौथो परिच्छेदमा सङ्कलन गरिएका तथ्याङ्कलाई उद्देश्यमूलक ढङ्गले विभिन्न समूहमा वर्गीकरण गरी प्रस्तुती र व्याख्या गरिएको छ । तथ्याङ्कको व्याख्या विश्लेषण पश्चात अध्ययनको सारांश, निष्कर्ष र शैक्षिक उपयोगितालाई परिच्छेद पाँचमा समेटिएको छ ।

## निष्कर्ष

यस अध्ययनबाट प्राप्त हुन आएको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क. बहुसंख्यक विद्यार्थीहरू (६८.३३%) को पठनबोध क्षमता मध्यम स्तरका रहेको पाइयो ।

ख. नेपाली विमातृभाषी विद्यार्थीको भन्दा नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो भएको देखिन्छ ।

ग. छात्रको तुलनामा छात्राको पठनबोध क्षमता राम्रो देखिएको छ ।

घ. संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध क्षमता राम्रो देखिन्छ ।

## उपयोगिता

अनुसन्धानको क्रममा पठनबोध क्षमता सम्बन्धमा देखा परेका समस्याहरू समाधान गरी कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको सहज विकास गर्नका लागि निम्नानुसारका सुधारका उपायहरू प्रस्तुत गरिएको छ :

**नीतिगत तह**

पठनबोध भाषाको आधारभूत व्यवहारिक पक्ष भएकाले विद्यार्थीहरूमा पठनबोधको समानुपातिक विकास गर्न पाठ्यक्रम पाठ्यपुस्तक निर्माणको तहमा नै विविध क्षत्र र विषयसँग सम्बन्धित विद्यार्थीको स्तर अनुकुलका विविध सामग्री समावेश गरिनु पर्दछ ।

पाठ्य पुस्तकमा पठन अभ्यासहरूको चयन गर्दा पहिलो भाषाका रुपमा नेपाली सिक्ने विद्यार्थीहरूलाई मात्र ख्याल नगरी दोस्रो भाषा तथा बहुभाषाका रुपमा नेपाली सिक्ने विद्यार्थीलाई पनि ध्यान दिनुपर्छ ।

एउटै विषयवस्तु भएर पनि सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको पठनबोध क्षमतामा संस्थागत विद्यालयका विद्यार्थी कमजोर र सामुदायिक विद्यालयका राम्रा देखिनुले संस्थागत विद्यालयमा दक्ष जनशक्ति तथा उपयुक्त सिकाइ सहजीकरण प्रक्रियाको अभाव भएकोतर्फ इंगित गर्दछ । यसर्थ संस्थागत विद्यालयको अनुगमन, गुणस्तर नियन्त्रण जस्ता विषयमा सरकारी संलग्नता बढाउनु पर्ने आवश्यक्ता रहेको छ ।

**व्यवहारिक तह**

नेपाली भाषा मुलुकको माध्यम भाषा समेत भएकाले नेपाली पठनबोध तथा भाषिक शुद्धता सम्बन्धमा नेपाली विषय शिक्षक मात्र नभई समस्त शैक्षिक कार्यक्रम नै जिम्मेवार रहनु पर्दछ ।

भाषा शिक्षणमा प्रयोग हुने शैक्षणिक सामग्रीहरूको निर्माण र प्रयोगमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

दोस्रो भाषाका रुपमा नेपाली भाषको प्रयोग गर्ने विद्यार्थीहरूलाई विद्यालयमा बढीभन्दा बढी अन्तरक्रियाको अवसर दिनु आवश्यक छ ।

भाषा शिक्षण गर्दा संज्ञानात्मक पक्षमा भन्दा सिप पक्षमा बढी जोड दिइनुपर्छ ।

नेपाली भाषा शिक्षण विशिष्ट प्राविधिक कार्य भएकाले सम्बन्धित विषयमा दक्षता हासिल गरेका शिक्षकलाई मात्र शिक्षण गर्न दिइनुपर्छ ।

भाषा शिक्षणका आधुनिक विधिहरूको प्रयोग गरी विद्यार्थी केन्द्रित कृयाकलापजन्य शिक्षणलाई प्रोत्साहन गरिनुपर्छ ।

नेपाली भाषाको शिक्षण गर्दा कक्षामा भाषिक वातावरण अनुकुल बनाउनुपर्छ। यसबाट विद्यार्थीले सोही भाषाको प्रयोग गर्न सकुन्।

**अनुसन्धान तह**

प्रस्तुत झापा जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी अध्ययन अनुसन्धान झापा जिल्लाका दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयका ३०/३० जना गरी १२० जना विद्यार्थीहरूमा आधारित रहेको छ। यस अध्ययनको लागि सामग्री सङ्कलनको क्रममा झापा जिल्लाका ४ वटा विद्यालयका ३०/३० जना विद्यार्थीहरूको पठनबोध क्षमतालाई विभिन्न शीर्षक उपशीर्षकका आधारमा हेरी अध्ययन विश्लेषण गरी त्यसबाट निस्किएको निष्कर्षका आधारमा सुझाव समेत दिने प्रयास गरिएको छ। वस्तुतः यो एउटा सानो क्षेत्रको सानो योजना मात्र हो। यस अध्ययनमा आफ्नो अध्ययनको प्रयोजन अनुरूप संक्षिप्त रूपमा सानो क्षेत्रलाई आधार मानेर अध्ययनका परिणामहरू प्रस्तुत गरिएका छन्। अध्ययनलाई विश्वसनीय बनाउनको निमित्त अध्ययनका वस्तुगत यथातथ्यलाई आधारको रूपमा लिएर यथार्थ कुराहरूलाई संक्षिप्त र सत्य रूपमा प्रस्तुत गरिएको  छ। थोरै विद्यालयमा गरिएको सर्वेक्षण र नमुना अध्ययनका आधारमा मात्र यो अध्ययन तयार गरिएकोले भावी दिनमा पठनबोध क्षमता सम्बन्धी अझै सुक्ष्मतम गहिराइसम्म गएर कक्षा सातमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गरी उक्त तहका अझ अरु विद्यार्थीहरूको पढाइ स्तर के कस्तो छ ? भनी पूर्ण अध्ययन गरी देखिएका समस्या निराकरण गर्नतिर पनि लाग्नु पर्ने आवश्यक्ता रहेको महशुस गरिएको छ। त्यसैले आगामी दिनमा पठनबोध क्षमताका विभिन्न पक्षको तुलनात्मक अध्ययन हुनु आवश्यक छ। आगामी दिनमा थप अध्ययन अनुसन्धान गर्नका लागि निम्नानुसारका अनुसन्धान शीर्षकहरू सिफारिस गरिएको छ :

क. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

ख. कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

ग. आधारभूत तहका नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

घ. आधारभूत तहका नेपाली विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

ङ. सामुदायिक विद्यालयका आधारभूत तहका विद्यार्थीको पठनबोध क्षमताको अध्ययन

च. संस्थागत विद्यालयका आधारभूत तहका विद्यार्थीको पठनबोध क्षमताको अध्ययन

छ.	माध्यमिक तहका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

ज.	माध्यमिक तहका नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

झ.	माध्यमिक तहका नेपाली विमातृभाषीविद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

अन्त्यमा पठनबोध क्षमता सम्बन्धी गरिएको एउटा सानो अध्ययनबाट नै भए पनि यस क्षेत्रसँग सम्बन्धित सबै पक्षहरूलाई अध्ययनको उद्देश्य साथै प्रयोजन अनुरूपको थोर बहुत जानकारी यस अध्ययनले अवश्य दिनेछ । भावी दिनहरूमा यसै विषयसँग निकट रहेर अध्ययन अनुसन्धान गर्नुहुने अध्ययनर्त्ता शोधार्थी महानुभावहरूलाई साथै जिज्ञासु जो कोहीलाई एउटा महत्त्वपूर्ण आधारसामग्री अवश्य हुन सक्ला नै । तै पनि यसलाई पूर्णता साथै समग्र अध्ययनबाट आधिकारिक्ता खोज्न धेरै त्याग, तपस्या, समय, श्रम, लगानीबाट मात्र सम्भव हुने भएकाले आगामी दिनहरूमा पठनबोध क्षमता सम्बन्धी अझै फराकिलो दृष्टि साथै सोच हनुपर्ने आवश्यक्ता रहेको छ ।

# सन्दर्भ सूची


## पुस्तक तथा पत्रपत्रिका

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०६१), *प्रायोगिक नेपाली शब्दकोष,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिब्ट्रिब्यटर्सु, कीर्तिपुर ।

गौतम, देवीप्रसाद र अन्य (२०६९), *स्नातक नेपाली,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

न्यौपाने, टंकप्रसाद (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पाण्डेय, श्रुतिकान्त (२०१४), *हिन्दी भाषा और इसकी शिक्षण विधियाँ,* पी. एच. आई. लर्निङ प्रा.लि., नयाँदिल्ली ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पिनाकल पश्लिकेशन प्रा. लि. ।

शर्मा, केदारप्रसाद र घिमिरे, माधव (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

सहनी, भरत (२०७२), प्राथमिक कक्षामका पठन सिप अपरिहार्य, *शिक्षक मासिक,* अङ्क ९३, पुस, २०७२, ललितपुर : ज्ञानविज्ञान शैक्षिक सहकरी संस्था ।

## शोधपत्र

अधिकारी, दिव्यकला (२०६४), *कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खड्का, हेमन्त (२०६४), *माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, शान्ति (२०६२), *कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, गुरूप्रसाद (२०६०), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, विष्णुहरि (२०५६), *हाम्रो नेपाली किताब कक्षा ८ को बोधगम्यताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पुरी, सत्यरूपा (२०६०), *हाम्रो नेपाली किताब कक्षा ६ को बोधगम्यताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, दुर्गादेवी (२०६४), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट क

## अध्ययनमा समावेश गरिएका विद्यालयहरू

| क.सं. | विद्यालयको नाम | ठेगाना | प्रकार |
|---|---|---|---|
| १ | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड-२ | सामुदायिक |
| २ | अर्जुनधारा माध्यमिक विद्यालय | अर्जुनधारा-४ | सामुदायिक |
| ३ | स्वस्तिका शिशु सदन | अर्जुनधारा-८ | संस्थागत |
| ४ | अनारमनी लिबर्टी स्कुल | विर्तामोड-४ | संस्थागत |

# परिशिष्ट ख

## अध्ययनमा समावेश गरिएका विद्यार्थीहरू

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्रकार |
|---|---|---|---|
| १ | उर्मिला शिवाकोटी | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २ | रेणुका नेपाल | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ३ | विनिता प्रधान | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ४ | सुष्मिता अधिकारी | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ५ | मोनिका सिवा | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ६ | दीक्षा घिमिरे | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ७ | शर्मिला बराल | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ८ | रिता राई | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ९ | भूमिका दनुवार | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १० | दीपा लिम्बू | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ११ | सुनिता हेमरम | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १२ | बाना मर्डी | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १३ | माया ताामाङ | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १४ | सोनी राई | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १५ | एलिशा थेवे | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १६ | महेश थपलिया | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १७ | निरोज बराल | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १८ | जीवन कार्की | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| १९ | सरोज सिटौला | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २० | विक्रम कठेत | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २१ | पूजन ओडारी | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २२ | सन्देश थापा | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २३ | राजन कार्की | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |

| | | | |
|---|---|---|---|
| २४ | सुमन राई | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २५ | सुशील टुडु | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २६ | नितेश दनुवार | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २७ | देवानन्द हेमरम | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २८ | प्रकाश गुरुङ | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| २९ | सुदीप मगर | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ३० | राकेश राई | पञ्चरत्न माध्यमिक विद्यालय | सामुदायिक |
| ३१ | सुनिता काफ्ले | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ३२ | विनिता प्रसाई | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ३३ | कञ्चन भट्टराई | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ३४ | रश्मि अधिकारी | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ३५ | कृपा डाँगी | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ३६ | निकिता पौडेल | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ३७ | रोमा पोखेल | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ३८ | हेमा आचार्य | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ३९ | अनिशा पुलामी | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४० | प्रमिला सुब्बा | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४१ | शर्मिला राजवंशी | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४२ | उर्मिला दनुवार | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४३ | मिनु दनुवार | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४४ | जयन्ती राई | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४५ | उजाला उराव | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४६ | विनोद चुडाल | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४७ | मदन उप्रेती | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४८ | मुकेश बुढाथोकी | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ४९ | निरोज अधिकारी | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |

| | | | |
|---|---|---|---|
| ५० | सबिन कोइराला | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५१ | रविन्द्र ओझा | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५२ | समग्र खनाल | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५३ | सुरज राजवंशी | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५४ | प्रकाश एक्तेन | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५५ | अमरेश राजवंशी | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५६ | विनोद दनुवार | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५७ | देवलाल टुडु | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५८ | राहुल राई | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ५९ | सुशील मगर | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ६० | नितेश फागो | अर्जुनधारा माध्यमिक विद्यालय | सामुदायिक |
| ६१ | मेनुका चौहान | स्वस्तिका शिशु सदन | संस्थागत |
| ६२ | दिप्ती घिमिरे | स्वस्तिका शिशु सदन | संस्थागत |
| ६३ | प्रिया संग्रौला | स्वस्तिका शिशु सदन | संस्थागत |
| ६४ | अनुजा भण्डारी | स्वस्तिका शिशु सदन | संस्थागत |
| ६५ | सेमिका विमली | स्वस्तिका शिशु सदन | संस्थागत |
| ६६ | दीक्षा वराइली | स्वस्तिका शिशु सदन | संस्थागत |
| ६७ | पूजा पाण्डे | स्वस्तिका शिशु सदन | संस्थागत |
| ६८ | सीमा राई | स्वस्तिका शिशु सदन | संस्थागत |
| ६९ | रितिका चौधरी | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७० | अनु जवेगु | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७१ | स्मृति मगर | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७२ | जीना हेमरम | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७३ | प्रीति राई | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७४ | निता लिम्बू | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७५ | सलिना तामाङ | स्वस्तिका शिशु सदन | संस्थागत |

| | | | |
|---|---|---|---|
| ७६ | विजय सुन्दास | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७७ | रमेश कार्की | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७८ | निमेष संग्रौला | स्वस्तिका शिशु सदन | संस्थागत |
| ७९ | जितेन्द्र घिमिरे | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८० | नरेश वाग्दास | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८१ | महेन्द्र थापा | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८२ | कौशल तिम्सिना | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८३ | गणेश अधिकारी | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८४ | रतन मेचे | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८५ | जीवेश हेमरम | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८६ | विकी चौधरी | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८७ | करन दनुवार | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८८ | समीर राई | स्वस्तिका शिशु सदन | संस्थागत |
| ८९ | सुरज सुब्बा | स्वस्तिका शिशु सदन | संस्थागत |
| ९० | अनिल मगर | स्वस्तिका शिशु सदन | संस्थागत |
| ९१ | प्रीति बस्नेत | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ९२ | दीपा भण्डारी | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ९३ | शोभा थापा | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ९४ | सीमा घिमिरे | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ९५ | मेनुका आचार्य | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ९६ | प्रियंका संग्रौला | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ९७ | अनुजा विमली | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ९८ | सोना ढकाल | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ९९ | रिता मगर | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १० | सुष्मिता लिम्बू | अनारमनी लिबर्टी स्कुल | संस्थागत |

| | | | |
|---|---|---|---|
| १०१ | अनुजा राई | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १०२ | सीमा हेमरम | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १०३ | रितिका दनुवार | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १०४ | लक्की तामाङ | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १०५ | सलिना मगर | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १०६ | मनोज कार्की | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १०७ | समीर बराल | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १०८ | रोहन अधिकारी | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १०९ | मुकेश दाहाल | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११० | प्रकाश आचार्य | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १११ | सजेश सिटौला | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११२ | प्रशान्त बुढाथोकी | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११३ | प्रवीण राई | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११४ | कमल मगर | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११५ | रजिन हेमरम | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११६ | विनोद राजवंशी | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११७ | सकल राजवंशी | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११८ | रमेश राई | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| ११९ | मोहन मगर | अनारमनी लिबर्टी स्कुल | संस्थागत |
| १२० | गणेश तामाङ | अनारमनी लिबर्टी स्कुल | संस्थागत |

# परिशिष्ट ग

# पठनबोध क्षमता परीक्षण सामग्री

## दृष्टांश

**दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको उत्तर देऊ :**

अनेक जातजाति, धर्म संस्कृति, वर्ग, सम्प्रदाय, वेशभूषा, भाषा, जीवन शैली, रीति रिवाज आदिको सम्मिश्रणबाट समाजको निर्माण हुन्छ । मानिस आफ्नो ज्ञान, सिप, क्षमता आदिले गर्दा समाजमा आफ्नो परिचय दिन चाहन्छ । मानिसको यस्तो भिन्न स्वभावले गर्दा नै समाज उन्नतितर्फ लम्कँदै गएको हो । मानिसमा विशेष योगदान दिने उत्सुकता रहेन भने त विकासको मुहान नै सुक्छ । संसार मरुभूमि जस्तै निरस र उजाड बन्न पुग्छ । मानिसको विशेषता भन्नु नै निरन्तर अगाडि बढ्नु हो । गतिशीलता भएन भने त मानव समाज मौलाउन सक्दैन । निरन्तर अगाडि बढ्ने र संसारलाई पनि अगाडि बढाउने शक्ति केवल मानव समाजसँग मात्र छ । हामीले सहिष्णुता, शान्ति, सहयोग, सद्भाव, मानवता र स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्ने प्रयत्न गर्नुपर्छ ।

१. तलका प्रश्नको उत्तर लेख : १×५=५

क. समाजको निर्माण कसरी हुन्छ ?

उत्तर : ...............................................................................

ख. विकासको मुहान कसरी सुक्छ ?

उत्तर : ...............................................................................

ग. के भएन भने समाज मौलाउन सक्दैन ?

उत्तर : ...............................................................................

घ. हामीले के गर्ने प्रयत्न गर्नुपर्छ ?

उत्तर : ...............................................................................

ङ. 'निरस' र 'उजाड' शब्दको अर्थ लेख ।

उत्तर : ...............................................................................

२. खाली ठाउँमा माथिको अनुच्छेदबाट मिल्दो शब्द भर : १×५=५

क. अनेक जातजाति, धर्म, संस्कृति, वर्ग, सम्प्रदाय, वेशभूषा, भाषा आदि मिली ........................................................ निर्माण हुन्छ ।

ख. मानिस आफ्नो क्षमताले गर्दा .................................................. मा आफ्नो परिचय दिन चाहन्छ ।

ग. मानिसको विशेष योगदान दिने उत्सुकता रहेन भने विकासको .................... ................................. सुक्छ ।

घ. गतिशीलता भएन भने त ............................................. मौलाउन सक्दैन ।

ङ. संसार अगाडि बढ्ने शक्ति केवल .............................................. सँग मात्र हुन्छ ।

## अदृष्टांश

**दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको उत्तर देऊ :**

मानव जीवनका लागि अत्यन्तै उपयोगी सिद्ध भएको कम्प्युटरको इतिहास निकै पुरानो छ । आजभन्दा करिव दुई हजार वर्ष पहिले चीनमा गणनाका निम्ति अबाकस नामको यन्त्र निर्माण भएको थियो । त्यसले जोड, घटाउ, गुणन, भाग जस्ता हिसाबहरू गर्न सक्थ्यो । त्यही अबाकसबाट शुरु भएको आजको एक्काइसौं शताब्दीका डेस्कटप, ल्यापटपसम्म आइपुग्दा कम्प्युटरले विभिन्न चरणहरू पार गरिसकेको छ । सन् १६४२ मा फ्रान्सका गणितज्ञ पास्कलले क्याल्कुलेटरको आविष्कार गरे । यसमा समयानुकुल सुधार हुँदै गयो । जसको परिणाम स्वरूप सन् १८२२ मा बेलायतका चार्ल्स बाबेजले विश्वविद्यदालयमा एउटा कम्प्युटर जस्तै स्वचालित यन्त्र अन्तर इञ्जिन बनाए । यसको सफलता पछि बाबेजले नै ब्रिटिस सरकारको आर्थिक सहयोगमा एनालिटिकल इञ्जिन नामक विशाल यन्त्र बनाउन शुरु गरे । आजको दुनियाँको कम्प्युटर निर्माणमा उनको एनालिटिकल इञ्जिनमा प्रयोग भएको सिद्धान्तको प्रयोग गरिएको छ । यसरी सबैभन्दा पहिले पूर्ण रूपमा स्वचालित विशेषता भएको यन्त्रको आविष्कार चार्ल्स बाबेजले गरे । यसैले उनलाई कम्प्युटरका पिता भनिन्छ ।

१. तलका प्रश्नहरुको छोटो उत्तर देऊ : १×५=५

क. अबाकस नाम गरेको यन्त्रले के के काम गर्थ्यो ?

उत्तर : ..............................................................................

ख. क्याल्कुलेटरका आविष्कारक को हुन् ?

उत्तर : ................................. ................ ................ .

ग. चार्ल्स बाबेज कुन देशका नागरिक हुन् ?

उत्तर : ................................. ................ ................ .

घ. चार्ल्स बाबेजलाई किन कम्प्युटरका पिता भनिन्छ ?

उत्तर : ................................. ................ ................ .

ङ. ‘गणना’ र ‘स्वचालित’ शब्दको अर्थ लेख ।

उत्तर : ................................. ................ ................ .

२. तलका वाक्यहरु ठीक भए (√) र बेठीक भए (×) लेख : १×५=५

क. कम्प्युटरका पिता चार्ल्स बाबेज हुन् । (      )

ख. पास्कलले क्याल्कुलेटरको आविष्कार गरेनन् । (      )

ग. सन् १८२२ मा बेलायतका चार्ल्स बाबेजले विश्वविद्यालयमा एउटा कम्प्युटर जस्तै स्वचालित यन्त्र अन्तर इञ्जिन बनाए । (      )

घ. गणितका जोड, घटाउ, गुणन, भाग जस्ता हिसाबहरु गर्ने यन्त्रलाई अबाकस भनिन्छ । (      )

ङ. कम्प्युटरले कामलाई ढिलो बनाउँछ । (      )

# परिशिष्ट घ

# उत्तरकुञ्जिका

## दृष्टांश

१. उपयुक्त सही उत्तरका लागि प्रत्येकको १ अङ्कका दरले ५ अङ्क प्रदान गर्ने ।

सही उत्तरहरु :

क. अनेक जातजाति, धर्म संस्कृति, वर्ग, सम्प्रदाय, वेशभूषा, भाषा, जीवन शैली, रीति रिवाज आदिको सम्मिश्रणबाट समाजको निर्माण हुन्छ ।

ख. मानिसमा विशेष योगदान दिने उत्सुकता रहेन भने त विकासको मुहान सुक्छ ।

ग. गतिशीलता भएन भने समाज मौलाउन सक्दैन ।

घ. हामीले सहिष्णुता, शान्ति, सहयोग, सद्भाव, मानवता र स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्ने प्रयत्न गर्नुपर्छ ।

ङ. निरस = रस नभएको, स्वाद नभएको, चाख नलाग्ने

उजाड = सौन्दर्य नभएको, कुरुप पारिएको नांगिएको

२. सही उत्तरका लागि प्रत्येकको १ अङ्कका दरले ५ अङ्क प्रदान गर्ने ।

क. अनेक जातजाति, धर्म, संस्कृति, वर्ग, सम्प्रदाय, वेशभूषा, भाषा आदि मिली समाजको निर्माण हुन्छ ।

ख. मानिस आफ्नो क्षमताले गर्दा समाजमा आफ्नो परिचय दिन चाहन्छ ।

ग. मानिसको विशेष योगदान दिने उत्सुकता रहेन भने विकासको मुहान सुक्छ ।

घ. गतिशीलता भएन भने त समाज मौलाउन सक्दैन ।

ङ. संसार अगाडि बढ्ने शक्ति केवल मानव समाजसँग मात्र हुन्छ ।

## अदृष्टांश

१. उपयुक्त सही उत्तरका लागि प्रत्येकको १ अङ्कका दरले ५ अङ्क प्रदान गर्ने ।

सही उत्तरहरु :

क. अबाकस नाम गरेको यन्त्रले जोड, घटाउ, गुणन, भाग जस्ता हिसाबहरू गर्न सक्थ्यो ।

ख. क्याल्कुलेटरका आविष्कारक पास्कल हुन् ।

ग. चार्ल्स बाबेज बेलायतका नागरिक हुन् ।

घ. सबैभन्दा पहिले पूर्ण रूपमा स्वचालित विशेषता भएको यन्त्रको आविष्कार गरेकाले चार्ल्स बाबेजलाई कम्प्युटरका पिता भनिन्छ ।

ङ. गणना = गन्ती गर्ने, हिसाब गर्ने काम

स्वचालित = आफैं चल्ने

२. सही उत्तरका लागि प्रत्येकको १ अङ्कका दरले ५ अङ्क प्रदान गर्ने ।

क. कम्प्युटरका पिता चार्ल्स बाबेज हुन् । ( √ )

ख. पास्कलले क्याल्कुलेटरको आविष्कार गरेनन् । (×)

ग. सन् १८२२ मा बेलायतका चार्ल्स बाबेजले विश्वविद्यालयमा एउटा कम्प्युटर जस्तै स्वचालित यन्त्र अन्तर इञ्जिन बनाए । ( √ )

घ. गणितका जोड, घटाउ, गुणन, भाग जस्ता हिसाबहरु गर्ने यन्त्रलाई अबाकस भनिन्छ । (√)

ङ. कम्प्युटरले कामलाई ढिलो बनाउँछ । ( ×)